नेपाल सरकार

मन्थली नगरपालिकाको कार्यालय

मन्थली, रामेछाप

फोन.नं: ०४८५४०११२

## बिषय : अन्तिम लेखापरीक्षणको लागि मनशायपत्र आह्वानको सूचना ।

**प्रथम पटक प्रकाशित: २०७३।०८।१५**

यस नगरपालिकाको अन्तिम लेखापरिक्षण स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १३५ को उपदफा २ एंव स्थानीय निकाय आर्थिक प्रशासन नियमावली ,२०६४ नियम ३८ बमोजिम चार्टर्ड एकाउन्टेन्ट संस्थामा दर्ता भएका उपयुक्त वर्गसंग दरखास्त आह्वान गरी लेखापरीक्षण छनोट गर्नुपर्ने प्रावधान रहेकाले यस नगरपालिकाद्धारा आ.व.२०७२।०७३ को आय तथा व्ययको अन्तिम लेखापरीक्षण गर्नुपर्ने सन्दर्भमा तपसिलमा उल्लेखित सर्तका अधिनमा रहि सूचना प्रकाशित भएका मितिले ७ दिन भित्र मनशायपत्र पेश गर्न इच्छुक बर्ग (घ)बाहेक लेखापरीक्षकहरुमा आह्वान गरीन्छ । म्याद नाघि वा रीत नपुगी पेश हुन आएको मनशायपत्र मान्य हुने छैन ।

**मनशाय पत्र पेश गर्दा ध्यान दिनुपर्ने:**

१.लेखापरिक्षकको लागि सम्बन्धित संस्थाबाट आफूले प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपी संलग्न गर्नुपर्ने ।

२. नेपाल सरकार एंव मन्थली नगरपालिका कार्यालयलाई आ.व.०७२।०७३ सम्म बुझाएको वा बुझाउनुपर्ने कर दस्तुर शुल्क तथा जरिवाना आदि बाकीं भए बुझाई सोको प्रमाणित प्रतिलिपी संलग्न गर्नुपर्ने ।

३.पारिश्रमिक एंव गर्नुपर्ने अन्य कार्यसम्बन्धी निर्धारण प्रचलित ICAN को नियम बमोजिम दुवै पक्षविचको सहमतीको आधारमा हुनेछ ।

४.सूचनामा उल्लेख भएको विषयमा कुनै छुट भएमा प्रचलित कानुन बमोजिम हुनेछ ।

५.मनशाय पत्र स्वीकृत गर्ने /नगर्ने सम्पुर्ण अधिकार नगरपालिकामा सुरक्षित रहने छ ।

६.अन्य आवश्यक जानकारीका लागि मन्थली नगरपालिका कार्यालयको लेखाशाखामा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत